चौरजहारी नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
९८५७८२६१११

प.स.२०७५।०७६
च.न. ८२६

मिति : २०७५।११।१३

**विषय : घुम्ति शिविर सञ्चालन सम्बन्धि सुचना ।**

**श्री वडा कार्यालय सबै,**
**चौरजहारी नगरपालिका रुकुम (पश्चिम)**

प्रस्तुत विषय सम्बन्धमा यस नगरपालिकाको आयोजनामा तपशिलको मिति, समय र स्थानमा अपांगता परिचय पत्र वितरण कार्यका लागी घुम्ति शिविर सञ्चालन हुने भएकोले सुचना बमोजिमको पाएक पर्ने स्थानमा अपांगता भएका व्यक्तिहरुलाई तपशिलमा उल्लेखित कागजात सहित उपस्थित हुनको लागी यो सुचना प्रकाशित गरिएको छ ।

..................
**तारा बहादुर कुंवर**
**प्रमुख प्रशासकिय अधिकृत**

**तपशिल**

**१. मिति २०७५।११।२७** गते जहारी खोला कृषि नमुना सहकारी संस्था चौ.न.पा. वडा नं ११ खोलागाउँ (वडा नं १०,११,१२,१३ र १४ को लागी)
**२. मिति २०७५।११।२८** गते चौरजहारी नगरपालिका वडा नं ७ नार्जि (वडा नं ५,६,७,८,र ९ को लागी)
**३. मिति २०७५।१२।०२** गते चौरजहारी नगर कार्यपालिकाको कार्यालय (वडा नं १,२,३ र ४ को लागी)

**आवश्यक पर्ने कागजात :**

१. सम्बन्धित वडा कार्यालयको सिफारिस
२. अपांगता देखिने खालको ३ प्रति पासपोट साईजको फोटो
३. नागरिकता प्रमाणपत्रको प्रतिलिपि/नागरिकता नबनाएको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि
४. सम्बन्धित व्यक्तिको निवेदन (सम्बन्धित वडा कार्यालयबाट प्राप्त गर्न सकिनेछ)
६.रु १० को टिकट

**नोट :** मिति २०७६ बैशाख महिनादेखि प्रत्येक महिनाको ६ गते र ६ गते सार्वजनिक विदा परेमा त्यसको भोलीपल्ट चौरजहारी नगरपालिकाको कार्यालयबाट नियमित रुपमा अपांगता परिचय पत्र वितरण हुने व्यहोरा पनि जानकारी गराईन्छ ।

*"आत्मनिर्भर, एकता र समृद्ध नगरको निर्माण, चौरजहारी नगरवासीको पहिचान"*

website: www.chaurjaharimun.gov.np Email: ito.chaurjaharimun@gmail.com